नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः-

चलानी नं.:-

## प्रेस विज्ञप्ति

तत्कालिन स्थानीय निकायको प्रशासकीय तथा व्यवस्थापकीय दक्षता अभिवृद्धि गर्ने उद्देश्यले २०५० सालमा नेपाल सरकारले स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान स्थापना गरेको थियो । उक्त प्रतिष्ठान अन्तरगत विभिन्न जिल्लामा सात वटा क्षेत्रीय प्रशिक्षण केन्द्रहरु सञ्चालनमा रहेका थिए । नेपालको संविधानले तहगत सरकारको अन्तरसम्बन्ध सहअस्तित्व, सहकारिता र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको छ। नेपालको संविधानले तोकेको तहगत सरकारका क्षेत्राधिकारको प्रभावकारी कार्यान्वयनका लागि तीनै तहमा रहने जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास गर्नुपर्ने आवश्यकता देखिन्छ । यस कार्यलाई प्रभावकारी बनाउन नेपाल सरकार मन्त्रिपरिषदवाट मिति २०७६ फागुन ५ गते स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान अन्तर्गत रहेका क्षेत्रीय प्रशिक्षण केन्द्रहरु सम्बन्धित प्रदेश र प्रदेश भित्रका स्थानीय तहहरुको क्षमता विकासमा उपयोग गर्ने गरी सम्बन्धित प्रदेशमा हस्तान्तरण गर्ने निर्णय भएको थियो ।

नेपाल सरकार मन्त्रिपरिषद्को उक्त निर्णय वमोजिम क्षमता विकासका कार्यमा उपयोग गर्ने गरी सम्बन्धित प्रशिक्षण केन्द्रमा रहेका भवन लगायत अन्य संरचना र जिन्सी सामग्रीहरु सम्बन्धित प्रदेश सरकारलाई हस्तान्तरण गरिसकिएको छ । जस अनुसार ग्रामीण विकास प्रशिक्षण केन्द्र, कलवलगुडी, झापा, प्रदेश नं. १ सरकारलाई, ग्रामीण विकास प्रशिक्षण केन्द्र, मुझेलिया, जनकपुर प्रदेश नं. २ सरकारलाई, महिला विकास प्रशिक्षण केन्द्र, जावलाखेल, वागमती प्रदेश सरकारलाई, नगर विकास प्रशिक्षण केन्द्र बगर, पोखरा, गण्डकी प्रदेश सरकारलाई, ग्रामीण विकास प्रशिक्षण केन्द्र नेपालगञ्ज प्रदेश नं. ५ सरकारलाई, महिला विकास प्रशिक्षण केन्द्र, विरेन्द्रनगर, सुर्खेत, कर्णाली प्रदेश सरकारलाई र ग्रामीण विकास प्रशिक्षण केन्द्र पुन्ना, डोटी सुदुरपश्चिम प्रदेश सरकारलाई हस्तान्तरण गर्ने कार्य मिति २०७७ भाद्र २१ गतेबाट शुरुवात गरी मिति २०७७ आश्विन १२ गते सम्पन्न भएको छ ।

नेपाल सरकारबाट स्वीकृत भई सञ्चालनमा रहेको प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम **(PLGSP)** मार्फत प्रदेश तथा स्थानीय तहका जनशक्तिको क्षमता विकासका कार्यक्रम समेत यिनै हस्तान्तरित संरचनाबाट सञ्चालन हुनेछन् । हाल संचालनमा रहेका भवन तथा अन्य संरचना र जिन्सी सामानहरु समेत यसै कार्यको लागि उपयोग हुनेछन् । प्रशिक्षण केन्द्रमा कार्यरत रहेका प्रशिक्षक तथा अनुभवी कर्मचारीहरुको अर्को व्यवस्था नभए सम्मका लागि स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानले सम्बन्धित प्रदेश सरकार मातहत रहने गरी सोही प्रशिक्षण केन्द्रमा नै कामकाज गर्न खटाउने व्यवस्था मिलाइएको छ । सम्बन्धित प्रदेश सरकारबाट हाल कार्यरत कर्मचारीमा रहेको विशेषज्ञता र दक्षताको भरपुर उपयोग गरी प्रशिक्षण केन्द्र सञ्चालनको उद्देश्य प्राप्तिको लागि परिचालन हुने मन्त्रालयको विश्वास रहेको छ ।

प्रदेश तहमा हस्तान्तरण भएका प्रशिक्षण केन्द्रहरुले प्रदेश तथा प्रदेश भित्रका स्थानीय तहको सेवा प्रवाह तथा विकास निर्माणका कार्यलाई प्रभावकारी बनाउने गरी नियमित प्रशिक्षण तथा अनुसन्धानका कार्यहरु सञ्चालन गर्नेछन् । जसबाट नेपालको संविधानको मर्म अनुरुप तहगत सरकारका कार्य जिम्मेवारीहरु पूरा गर्न सहयोग पुग्ने तथा संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्य अभिवृद्धि हुने विश्वास मन्त्रालयले लिएको छ ।

डा. गोपी कृष्ण खनाल
सह सचिव
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
१३ असोज, २०७७